नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, असोज १ गते, २०७५ साल (संख्या २६

भाग ४

महान्यायाधिवक्ताको कार्यालयको

सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था रहेको सन्दर्भमा माननीय महान्यायाधिवक्ताले मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ३४ को उपदफा (१) को प्रयोजनका लागि खास

किसिमका सानातिना कसूरमा सो दफाको प्रक्रिया पुरा गरी मुद्दा दायर नगर्ने गरी निर्णय गर्न सबै जिल्लाका सरकारी वकीलहरुलाई सम्वत् २०७५ साल भाद्र १ गते स्वीकृति प्रदान गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
खगराज पौडेल
नायव महान्यायाधिवक्ता